# देवानगञ्ज गाउँपालिका
**Dewanganj Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**
देवानगञ्ज, सुनसरी
Dewanganj, Sunsari
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
Email: dewanganjmun@gmail.com


## करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः-२०८१/१०/०२)**

भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सशर्त अनुदान मार्फत यस गाउँपालिकामा सञ्चालित गरिब परिवार पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो सुनवाई कार्यक्रम सञ्चालनका लागि २ (दुई) जना गुनासो सुनुवाई अधिकारी पद करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रशासन भएको मितिले ७ (सात) दिनको भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित कार्यालयमा निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | न्यूनतम योग्यता | प्राथमिकता | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | DRM/१५/०८१-८२ | गुनासो सुनुवाई अधिकारी | २ जना | लोक सेवा आयोगले राजपत्र अनंकित प्रथम श्रेणी ( अप्राविधिक तर्फ) को पदको लागि तोके बमेजिमको शैक्षिक योग्यता। | यस भन्दा अघि गरिब पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत स्थलगत तथ्याङ्क संकलन कार्यमा खटिएका सुपरिवेक्षक तथा गणक र कम्तीमा ३ महिने बेसिक कम्प्युटर तालिम लिएकालाई प्राथमिकता दिइनेछ। | २००/- |

१) **उमेद्धारको उमेरहद** : दरखास्त दिने अन्तिम दिन सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा ४० वर्ष। अन्य प्रचलित कानुनद्धारा अयोग्य नठहरिएको हुनुपर्ने छ।

२) **दरखास्त दिने स्थान** :- प्रशासन शाखा, देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी।

३) **दरखास्त दिने अन्तिम मिति** :- २०८१/१०/०८ गते सम्म, सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म।

४) **दरखास्त दस्तुर बुझाउने स्थान** : देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरीको राजस्व शाखामा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ।

५) **दरखास्त फारम** : देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइट www.dewanganjmun.gov.np बाट प्राप्त गर्न सकिने छ।

६) **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव भएकालाई विशेष प्राथमिकता दिइने भएको हुँदा अनुभव खुल्ने कागजात
- ३ प्रति पासपोर्ट आकारको फोटो

७) **पारिश्रमिक तथा सेवा सुविधा** :- सहायक पाँचौ तहको कर्मचारीले पाउने न्यूनतम तलब।

८) **छनौटको प्रकृया र किसिम** : सर्टलिस्ट परेका उम्मेद्वारको छनौट अन्तर्वार्ता मार्फत गरिनेछ।

९) **कार्य अवधि** : मन्त्रालयबाट कार्यक्रम सुरुवात हुने मिति तय भए पश्चात मात्र करार सम्झौता गरिनेछ र बढीमा २ महिनाका लागि करार गरिनेछ।

१०) **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** :- करार सम्झौता बमोजिम हुनेछ।

११) **परीक्षाको मिति** : कार्यालयको Website: www.dewanganjmun.gov.np मा प्रकाशन गरिनेछ।

१२) **सम्पर्क** : Email Id dewanganjmun@gmail.com , Website: www.dewanganjmun.gov.np

सुधिर साफा
प्रमुख प्रशासकीय अधिकृत